# बजेट बक्तव्य २०८३/८४

**नगरसभाका श्रद्धेय अध्यक्षज्यू,**

**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी र सभामा उपस्थित अन्य महानुभावहरु!**

१. नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समुन्नत र आत्मनिर्भर स्थानीय शासन व्यवस्थाको लक्ष्य प्राप्तिका लागि गलकोट नगरसभाको उन्नाईसऔ अधिवेशनको यस सम्मानित वैठकमा नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को आय तथा व्ययको अनुमान प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२.नेपालको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि भएका विभिन्न राजनीतिक आन्दोलन, जनसंघर्ष तथा परिवर्तनका अभियानहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतान्त्रिक अधिकार, सामाजिक न्याय र समावेशी राज्य व्यवस्थाको स्थापनाका लागि संघर्षका क्रममा घाइते, बेपत्ता, अपाङ्गता भएका तथा पीडित सम्पूर्ण नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

३.गलकोटका नागरिकको वृहत्तर हितलाई ध्यानमा राखी नेपालको संविधानद्वारा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४,दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, गलकोट नगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा नीति कार्यक्रम, नगरपालिकाको आवधिक विकास लक्ष्य तथा नगरवासीको समृद्धिको आकांक्षालाई केन्द्रमा राखी प्रस्तुत बजेट तर्जुमा गरेको छु।

४.गलकोट नगरपालिकाको आवश्यकता, यहाँका नागरिकको विकास प्रतिको चाहना, स्थानीय निर्वाचनमा राजनीतिक दलहरुले गरेको प्रतिवद्धता, विभिन्न क्षेत्रबाट प्राप्त रचनात्मक सुझाव, संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजश्व परिचालनको सीमित दायरा जस्ता विषयलाई दृष्टिगत गरी सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना, सामाजिक न्याय, सुशासन तथा सेवा प्रवाहमा गुणात्मक सुधार हासिल गर्ने उद्देश्यले बजेटलाई परिणाममुखी, उत्तरदायी र नागरिकमैत्री बनाउन जोड दिईएको छ। साथै, स्रोतको न्यायोचित वितरण, वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्वलाई बजेट कार्यान्वयनको मूल आधार बनाइएको छ|

५.गलकोटका नागरिको सुख र समृद्धिको चाहना, कृषि क्षेत्रको प्रवर्द्धन, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धी र सो को दिगोपना, रोजगारी सिर्जना, समावेशीयता, सामाजिक परिचालन र ऐक्यवद्धता, पारदर्शिता, सुशासन र गुणस्तरीय सेवा प्रवाह जस्ता विषयहरुलाई जोड दिएर बजेट तर्जुमा गरेको छु।

६. "समृद्ध गलकोट, सुखी गलकोटवासी" को दीर्घकालीन सोचलाई व्यवहारमा रूपान्तरण गर्न उत्पादन र उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोत र साधनको संरक्षण तथा परिचालन, गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र दिगो विकासका आधार स्तम्भहरूलाई सुदृढ बनाउने दिशामा प्रस्तुत बजेट केन्द्रित रहेको छ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

अब म गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय-व्याय एवं चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित आय-व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्दछु।

**गत आर्थिक वर्ष २०८१/८२ मा यथार्थ आय**

७. गत बर्षको मौज्दात सहित आन्तरिक आय तर्फ रु.४ करोड तीन लाख ९६ हजार दुँई सय ४४ रुपैया र पैसा ११ मात्र, संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त रु. १० करोड ३७ लाख ६० हजार चार सय ८४ रुपैयाँ र पैसा १४ मात्र , प्रदेश सरकार राजश्व बाँडफाँटबाट प्राप्त रु. ९९ लाख ६५ हजार एक सय ६१ रुपैयाँ ,घर जग्गा रजिष्टेशन दस्तुर रु. ३१ लाख पाचँ हजार नौँ सय ३२ रुपैया र जनसहभागितामा रु.७ लाख गरी आन्तरिक श्रोत, जनसहभागिता,राजश्व बाडँफाड र घर जग्गा रजिष्टेशन गरी जम्मा रु.१५ करोड ८९ लाख २७ हजार आँठ सय २१ र पैसा ४४ मात्र आम्दानी जनाईएको छ।

८. संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु.१० करोड ५२ लाख ४८ हजार सात सय बीस रुपैया , शशर्त अनुदान चालु तर्फ अनुदान रु. ३३ करोड ६२ लाख ७० हजार एक सय १३ रुपैयाँ र पैसा ८८ मात्र , विशेष अनुदान पूजिगत रु. ८५ लाख ७४ हजार एक सय छ रुपैया,समपूरक अनुदान पूजिगत रु.६० लाख र शसर्त अनुदान पूँजिगत १२ लाख ६२ हजार एक सय पँचास रुपैया गरी संघीय सरकार बाट वित्तीय हस्तान्तरण तर्फ जम्मा रु.४५ करोड,१३ लाख,५५ हजार ८९ रुपैया र पैसा ८८ मात्र आम्दानी भएको छ ।

९. प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. १ करोड ५० लाख २९ हजार मात्र, समपुरक अनुदान रु. ४४ लाख ७१ हजार ,विशेष अनुदान पूँजिगत रु.३० लाख ८५ हजार चार सय गरी प्रदेश सरकार वित्तीय हस्तान्तरण तर्फ जम्मा रु.२ करोड २५ लाख ८५ हजार चार सय यथार्थ आय भएको छ।

## सम्मानित नगरसभा सदस्यज्यूहरु अव म आ.व २०८१।८२ को यथार्थ व्यय पेश गर्दछु

१०. क्षेत्रगत विनियोजनका आधारमा कुल चालु बजेटमा विनियोजन ५१ करोड,३६ लाख,९२ हजार छ सय रहेकोमा रु. ४६ करोड २६ लाख ७४ हजार ९ सय ७० रुपैयाँ खर्च भएको छ जुन चालु विनियोजनको ९०.०७ प्रतशत हुन आउदछ। र कुल पूँजिगत विनियोजन रु.१७ करोड ७४ लाख ५० हजार भएकोमा पूँजीगत खर्च रु. १२ करोड ७३ लाख ३८ हजार तीन सय ४४ र पैसा ५३ खर्च भएको छ जुन पूजिगत विनियोजनकोको ७१.७६ प्रतिशत हुन आउदछ। कुल चालु र पूजिगत गरी जम्मा रु.५९ करोड १२ हजार नौ सय बीस रुपैँया र पैसा २५ खर्च भई निकासा फिर्ता पश्चात रु. ४ करोड २८ लाख ९५ हजार आँठ सय ३४ रुपैयाँ चालु आर्थिक वर्ष २०८२/८३ मा जिम्मेवारी सरेको छ।

**श्रद्धेय अध्यक्ष महोदय,**

## अब म चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित आय व्यय विवरण संक्षेपमा प्रस्तुत गर्दछु।

११. गत वर्षको मौज्दात समेत गरी आन्तरिक आय तर्फ रु. ६ करोड,२३ लाख ९५ हजार २५ मात्र,घर जग्गा रजिष्ट्रेशन दस्तुर रु.३३ लाख संघीय सरकारबाट राजश्व बाँडफाँट रु. ९ करोड ६० लाख, समानीकरण अनुदान रु. १० करोड ५२ लाख ५८ हजार नौँ सय ५०, सशर्त अनुदान रु. ३७ करोड ९५ लाख हजार, विशेष अनुदान रु.१ करोड १८ लाख लाख र समपुरक अनुदानमा रु.एक करोड छ लाख गरी जम्मा रु.६६ करोड ८८ लाख ५३ हजार ९ सय ५० मात्र ।

१२. गण्डकी प्रदेश सरकारबाट राजश्व बाँडफाँट रु. एक करोड १० लाख ५२ हजार समानीकरण अनुदान रु. एक करोड ४८ लाख २१ हजार, विशेष अनुदान रु. ३० लाख र शसर्त अनुदान रु. २ लाख र समपुरक अनुदान रु. ४२ लाख पाँच हजार दुई सय २० र गरि जम्मा ३ करोड ३२ लाख ७८ हजार दुई सय २० हुने संशोधित अनुमान छ र यसरी कुल संशोधित आय जम्मा रु.७० करोड २१ लाख ३२ हजार एक सय ७० हुन आउछ ।

१३. २०८३ आसाढ ६ गते सम्मको कुल चालु खर्च ३४ करोड ६५ लाख ८४ हजार नौ सय रुपैया र पैँसा ३९ मात्र खर्च भएको छ जुन कुल चालु विनियोजनको ६४.५ प्रतिशत हो र पूजिँगत खर्च ८ करोड २९ लाख ८३ हजार एक सय ४९ मात्र खर्च भएको छ जुन पूजिगत विनियोजनको ४०.४३ प्रतिशत हो र कुल जम्मा ८८.०५ प्रतिशत खर्च भएको छ। विगत आ.व हरुको खर्च प्रगती र चालु आ.वको कार्यसम्पादन प्रगतीको आधारमा समेत चालु आर्थिक वर्ष २०८२/८३ संशोधित आयको ८९.४८ प्रतशत खर्च हुने अनुमान गर्दा रु. ६२ करोड ८३ लाख १२ हजार एक सय ९३ हुन आउदछ र २ करोड ९९ लाख ६७ हजार पाँच सय ९४ फिर्ता हुने संशोधित अनुमानमा आगामि आ.बमा रु.४ करोड ३८ लाख ५२ हजार पाँच सय ९४ आगामी आ.वमा जिम्मेवारी सारीएको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०८३/८४ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:-**

क) कृषि क्षेत्रलाई युवामैत्री र आकर्षक बनाउँदै उत्पादन क्षमता अभिवृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउनु,

(ख) रोजगारीका अवसर विस्तार गरी लक्षित तथा पिछडिएका वर्गको आयस्तर सुधार गर्दै आर्थिक असमानता घटाउनु,

(ग) शिक्षा र स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै आधारभूत मानव विकासलाई मजबुत बनाउनु,

(घ) दीगो उपयोगयोग्य तथा गुणस्तरीय भौतिक संरचनाको विस्तार गर्दै विकास प्रक्रियालाई गति दिनु,

(ङ) विकास प्रक्रियामा जनसहभागिता बढाई प्राप्त स्रोत र अवसरहरूको न्यायोचित वितरण सुनिश्चित गर्नु,

(च) सार्वजनिक सेवा प्रणालीलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै सुशासनलाई संस्थागत गर्नु,

**बजेटका प्राथमिकता देहाय बमोजिम तय गरेको छ:-**

(क) सर्वसाधारणको पहुँचमा रहने गरी स्वास्थ्य सेवा र शिक्षाको गुणस्तर अभिवृद्धि,

(ख) प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

(ग) स्थानीय उत्पादनको विस्तार गर्दै कृषि क्षेत्रलाई व्यवसायिक र आधुनिक बनाउनु,

(घ) सीप विकास तथा उद्यमशीलतामार्फत रोजगारी सिर्जना,

(ङ) सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउँदै समावेशी र न्यायपूर्ण समाज निर्माण,

(च) सबै वर्ग र क्षेत्रलाई समेट्ने समतामूलक विकास प्रणालीलाई प्रवर्द्धन,

(छ) सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग मार्फत दक्षता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै सुशासन सुदृढ गर्नु,

**श्रद्धेय अध्यक्ष महोदय,**

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकार तथा जिम्मेवारी, नगरवासी नागरिकका विकास र समृद्धिसम्बन्धी आकांक्षा तथा उपलब्ध स्रोत—साधनको यथार्थ अवस्थालाई दृष्टिगत गर्दा विकासका चुनौतीहरू अझै विद्यमान रहेका छन्। संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा देखिएको संकुचन, आन्तरिक राजस्वको सीमित आधार तथा बढ्दो विकास अपेक्षाबीच सन्तुलन कायम गर्दै नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हाम्रो साझा दायित्व हो। यद्यपि, उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन, वित्तीय अनुशासनको सुदृढीकरण, विकास खर्चको प्रभावकारिता अभिवृद्धि तथा सुशासन प्रवर्द्धनमार्फत नगरवासीको समृद्धिको यात्रालाई थप गति दिने दृढ संकल्पका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेको छु।

अब म आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित क्षेत्रगत कार्यक्रम, बजेट तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# आर्थिक विकास

## (अ) कृषि तथा बागवानी

१४. कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक तथा आकर्षक पेशाको रूपमा विकास गर्दै युवा जनशक्तिलाई कृषि उद्यममा आबद्ध गर्न साथै, कृषकहरूको उत्पादन वृद्धि तथा आय आर्जनमा टेवा पुऱ्याउने उद्देश्यले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु।

१५. गलकोट क्षेत्रको हावापानी, भू—बनोट तथा माटोको प्रकृतिलाई मध्यनजर गर्दै अकबरे खुर्सानीलाई उच्च सम्भावनाको  नगदे बालीका रूपमा विकास गर्न अकबरे खुर्सानी पकेट कार्यक्रमलाई निरन्तरता दिईएको छु।

१६.कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि, व्यवसायीकरण तथा विविधीकरणलाई प्रोत्साहन गर्न बाली रोप्नुअघि माटोको अम्लीयता (pH), नाइट्रोजन, फस्फोरस र पोटास लगायतका पोषक तत्वहरूको परीक्षण गरी माटोको

अवस्था अनुरूप खेती व्यवस्थापन गर्न तथा माटोको स्वास्थ्य सुधार कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदानतर्फ रु. ७ लाख विनियोजन गरिएको छ।

१७. स्थानीय कृषि उपजको सहज तथा व्यवस्थित बजारीकरण सुनिश्चित गर्न उत्पादक र उपभोक्ताबीचको दूरी घटाउने तथा बिचौलियाको प्रभाव न्यूनीकरण गर्ने उद्देश्यले हाटबजार तथा कृषि उपज संकलन कन्द्र व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१८. नवप्रवर्तन साझेदारी कोषमार्फत वडा नं. १, ४ र १० मा सञ्चालित व्यवसायिक ओखर खेती कार्यक्रमको संरक्षण, विस्तार तथा प्राविधिक व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९. कृषि क्षेत्रको दिगो विकासका लागि स्थानीय स्रोत, साधन तथा भौगोलिक अनुकूलताको आधारमा क्षेत्रगत विशिष्टीकरणलाई प्राथमिकता दिइनेछ। अदुवा, बेसार, लसुन,अकबरे खुर्सानी,किवि र मौरी जस्ता उच्च सम्भावना भएका तुलनात्मक लाभका  बाली तथा व्यवसायहरुको पकेट क्षेत्र विस्तार तथा सुदृढीकरण गरिनेछ साथै, कृषि उत्पादनदेखि प्रशोधन, ब्रान्डिङ, मूल्य अभिवृद्धि र बजारीकरणसम्मको सम्पूर्ण मूल्य शृङ्खलालाई समेट्ने गरी कृषकलाई उद्यमशील बनाउने उदेश्यले "उत्पादन देखि प्रशोधनसम्म:एकिकृत कृषि विकास कार्यक्रम" सञ्चालनका लागि नेपाल सरकारको विशेष अनुदानमार्फत रु. एक करोड ८० लाख बजेट विनियोजन गरिएको छ।

२०. सिंचाइको पहुँच विस्तार गरी कृषि उत्पादनमा वृद्धि ल्याउन खेतीयोग्य जमिनमा वर्षभरि सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ साना सिंचाइ आयोजना तथा विद्यमान संरचनाको मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिएको छु। यसका लागि वडाको विनियोजन सहित सहित रु. ४० लाख  विनियोजन गरेको छु।

२१. कृषि तथा बागबानी क्षेत्रको समग्र विकास, उत्पादन वृद्धि, क्षमता अभिवृद्धि तथा प्रविधि विस्तारसम्बन्धी कार्यक्रम सञ्चालनका लागि संघीय सशर्त अनुदानतर्फ रु. १२ लाख  तथा नगरपालिका स्रोततर्फ  ४७ लाख ५० र  नेपाल सरकार विशेष अनुदान रु एक करोड ८० लाख गरी  कुल जम्मा  रु.दुई करोड ३९ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२२.   पशुधन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, पशु स्वास्थ्य संरक्षण र किसानको आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यले पशुजन्य रोग तथा महामारी नियन्त्रणका लागि नियमित खोप अभियान सञ्चालन, आवश्यक औषधि तथा खोप व्यवस्थापन र कृत्रिम गर्भाधानमार्फत उन्नत नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिन रु. १४ लाख २५ हजार  बजेट विनियोजन गरेको छु।

२३.  कृषकहरूको उत्प्रेरणा अभिवृद्धि गर्दै कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र विविधीकरणलाई प्रवर्द्धन गर्न दूध तथा खसी–बोकाको मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु। उक्त कार्यक्रम कार्यान्वयनका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु।

२४.गलकोट नगरपालिकाको भौगोलिक बनोट, जलवायु तथा प्राकृतिक वातावरण बाख्रापालनका लागि अनुकूल रहेको सन्दर्भलाई मध्यनजर गर्दै यस क्षेत्रको तुलनात्मक लाभलाई उपयोग गरी बाख्रापालनलाई व्यावसायिक, प्रतिस्पर्धी तथा आयमूलक व्यवसायका रूपमा विकास गरिनेछ। मासु उत्पादन वृद्धि गर्दै बाख्रा तथा खसीबोकाको

आयात प्रतिस्थापन गरी नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ **"व्यावसायिक बाख्रापालन; उत्पादनमुखी अनुदान र आत्मनिर्भरताको अभियान"** प्रदेश सरकारको सशर्त अनुदानमार्फत रु. ४० लाख बजेट विनियोजन गरेको छ।

२५.पशु सेवा पहुँचबाट टाढा रहेका बस्ती तथा क्षेत्रका पशुपालक कृषकलाई घरदैलोमै गुणस्तरीय पशु स्वास्थ्य सेवा उपलब्ध गराउन घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिने व्यवस्था मिलाएको छ। यस कार्यक्रमका लागि रु. ४ लाख ५० हजार बजेट विनियोजन गरेको छ

२६. समग्र पशुपंक्षी विकास क्षेत्रको प्रवर्द्धन, पशु स्वास्थ्य सेवा विस्तार, उत्पादन वृद्धि तथा किसानको आर्थिक सशक्तीकरणका लागि संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त रु. एक लाख ३५ हजार,प्रदेश विशेष अनुदान रु.४० लाख र नगरपालिकाको स्रोतबाट तलब भत्ता सहित रु. ६८ लाख ९० हजार गरी कुल जम्मा रु. एक करोड १० लाख २५ हजार बजेट विनियोजन गरेको छ।

## (इ) सहकारी

२७. सहकारी क्षेत्रको अभिलेखीकरण, अनुगमन तथा सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउन सबै सहकारी संस्थाहरूलाई कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध भई विवरण अद्यावधिक गर्न अनिवार्य गरिनेछ। सहकारी क्षेत्रको विकास, सुदृढीकरण तथा प्रवर्द्धनका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छ।

## (ई) उद्‌यमशीलता विकास तथा रोजगारी प्रवर्द्‌धन

२८. सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारीलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) लाई निरन्तरता दिएको छ। वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवार, वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा सम्भावित आप्रवासी श्रमिकहरूलाई वित्तीय साक्षरता, मनोसामाजिक परामर्श तथा पुनःएकीकरण सेवाहरू उपलब्ध गराउन व्यवस्था गरेको छ।

२९. स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित उद्यमशीलता विकासलाई प्रोत्साहन गर्दै नयाँ उद्यमी सिर्जना तथा विद्यमान लघु उद्यमीहरूको क्षमता अभिवृद्धि गरिनेछ। लघु उद्यमीहरूद्वारा उत्पादित वस्तुको ब्रान्डिङ, लेबलिङ तथा बजारीकरणमा सहयोग पुर्‍याउन आवश्यक बजेट विनियोजन गरेको छ।

३०. श्रमप्रति सम्मानको संस्कृति विकास गर्दै स्वदेशमै रोजगारी तथा स्वरोजगारीका अवसर विस्तार गर्न संघीय सरकारको सहयोगमा “श्रमको सम्मान, राष्ट्रको अभियान” कार्यक्रम सञ्चालन गरिनेछ। उत्पादन र उधमशिल मार्फत रोजगारी सृर्जना तथा न्यूनतम रोजगारी प्रत्यभूतिको लागि सशर्त अनुदान तर्फ रु.४ लाख ४७ हजार र नगरपालिकाको ११ लाख विनियोजन गरेको छ।

३१. समग्र उद्यमशीलता विकास, स्वरोजगार प्रवर्द्धन तथा रोजगारीका अवसर विस्तार गर्ने कार्यक्रमहरू सञ्चालन गर्न **"उद्यमी नवप्रवर्तन तथा वित्तिय साक्षरता अभियान"** अन्तर्गत संघीय सशर्त अनुदानबाट रु. ३३ लाख र नगरपालिकाबाट रु. ३८ लाख ३० हजार गरी जम्मा रु. ७१ लाख ३० हजार बजेट विनियोजन गरेको छ।

### (उ) पर्यटन

३२. नगरपालिका भित्रका विभिन्न पदर्मांग निर्माण तथा  संरक्षण र डकुमेन्ट्री निर्माण कार्यका लागि रु. ४२ लाख बजेट विनियोजन गरिएको छ।

३३.  आन्तरिक पर्यटन प्रवर्द्धन तथा  विकासमा टेवा पुऱ्याउने उद्देश्यले पर्यटन काज कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।

## सामाजिक विकास

### (अ) खानेपानी, सरसफाई तथा फोहोर व्यवस्थापन

३४.  नगर क्षेत्रका खानेपानीको समय समयमा गुणस्तर परीक्षण गरिने छ। खानेपानी योजनाहरुको मर्मत संभार गरी सञ्चालन गरिने छ।खानेपानीका मुहानको संरक्षण र सरसफाइमा स्थानीय उपभोक्ता समूहलाई जिम्मेवार बनाइने छ।

३५.  नगरका सार्वजनिक स्थल र पानीका स्रोतमा फोहोर फाल्न नदिन समूदायको सक्रियता बढाउँदै विद्यमान कानूनको कडाइका साथ कार्यान्वयन गरिने छ।

३६.  नगरपालिकाको फोहोर व्यवस्थापन गरी स्वच्छ नगर निर्माण गर्न रु. २०  लाख विनियोजन गरेको छु।

३७.  फोहोर मैला वापतको शुल्क स्थानीय टोल विकास संस्था मार्फत उठाउने र उठेको रकमको २० प्रतिशत रकम प्रोत्साहन स्वरुप सम्बन्धित टोल विकास संस्थालाई उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिएको छु । वाश प्लान (WASH Plan) तथा भू–सन्दर्भित (Geo-referenced) खानेपानी आपूर्ति प्रणाली सम्बन्धी अध्ययन/तयारी कार्यका लागि रु. ६ लाख विनियोजन गरिएको छ।

३८.  खानेपानी तथा सरसफाई योजना मर्मत तथा व्यवस्थापनका लागि वडाको विनियोजन सहित नगरपालिकाको रु ४७ लाख, संघीय शशर्त ६ लाख गरी जम्मा रु ५३ लाख विनियोजन गरेको छु ।

### (आ) युवा तथा खेलकुद

३९.नगर स्तरीय भलिबल खेलको विकास लागि खेलकुद मैदान व्यवस्थापनको लागि रु.५० लाख र वडा तर्फको खेलमैदान निर्माण सहित  खेलकुद,युवा लक्षित कार्यक्रम र खेल प्रोत्साहनको लागि रु.एक करोड एक लाख  ५० हजार बजेट विनियोजन गरेको छु ।

### (इ) सामाजिक सुरक्षा तथा संरक्षण, लैंङ्गिक समानता र सामाजिक समावेशीकरण

४०. महिला सशक्तीकरण, लैङ्गिक समानता प्रवर्द्धन तथा महिला हिंसा, लैङ्गिक विभेद, सामाजिक कुरीति र कु–संस्कार न्यूनीकरण गर्न  साथै, नगरस्तरबाट सञ्चालन हुने महिला लक्षित क्षमता विकास, नेतृत्व विकास, सचेतना तथा आर्थिक–सामाजिक सशक्तीकरणसम्बन्धी कार्यक्रमका  लागि रु.पाँच लाख  ५० हजार  बजेट व्यवस्था गरेको छु।

४१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, सामाजिक सुरक्षा तथा सम्मानजनक जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले अपाङ्गता परिचयपत्र वितरण, 'क' र 'ख' वर्गका अपांगता भएका व्यक्तिहरुको डिजिटल

परिचयपत्र वितरण शिविर संचालन तथा तथ्यांक संकलन र अध्यावधिक कार्यक्रम ल्याएको छु जसका लागि रु.तीन लाख ५० हजार बजेट विनियोजन गरेको छ।'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन हुँदै आएको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई समेत निरन्तरता प्रदान गरेको छ।

४२. ज्येष्ठ नागरिकहरूको सम्मान, सुरक्षा, सामाजिक संरक्षण तथा स्वास्थ्य प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै ज्येष्ठ नागरिक लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। अनुभव आदानप्रदान तथा ज्येष्ठ नागरिकको ज्ञान तथा सीप अनुभव अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ। साथै,जेष्ठ नगारिकको घरमै स्वास्थ्य परिक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

४३. बालमैत्री स्थानीय शासनको दिगोपना, बाल अधिकार संरक्षण, बाल सहभागिता अभिवृद्धि तथा बाल विकासलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन साथै, बालमैत्री स्थानीय शासनयुक्त नगर दिगोपनाको लागि रु. २० लाख बजेट विनियोजन गरेको छ। साथै, नगरस्तरीय बाल उद्यानको स्तरोन्नति, संरक्षण तथा प्रभावकारी व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

४४. सामाजिक सद्भाव, समानता, सामाजिक न्याय तथा समावेशीकरणलाई सुदृढ बनाउन जातीय विभेद, छुवाछुत तथा सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी सचेतनामूलक, शैक्षिक तथा लक्षित कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

४५. लोपोन्मुख, सीमान्तकृत तथा पिछडिएका समुदायको संरक्षण, उत्थान र सशक्तीकरणका लागि कुमाल, गन्धर्व लगायतका समुदाय लक्षित सीप विकास, आयआर्जन तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छ।

४६. सामाजिक सुरक्षा, लैङ्गिक समानता, बाल अधिकार, महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सशर्त अनुदानमा ८ लाख, नगरपालिका तर्फको वडाको विनियोजन सहित **"महिलाको सशक्तीकरण, ज्येष्ठ नागरिकको सम्मान; बालमैत्री समाज हाम्रो पहिचान"** कार्यक्रम अन्तर्गत रु. ७० लाख ५० हजार गरी जम्मा ७८ लाख ५० हजार बजेट विनियोजन गरेको छ।

## (ई) शिक्षा

४७. नगरपालिकाको उच्च शिक्षाको गौरव तथा शैक्षिक धरोहरको रूपमा रहेको गलकोट बहुमुखी क्याम्पसको जग्गा खरिद तथा भवन निर्माण कार्यमा सहयोग पुऱ्याउन नगरपालिकाबाट प्रदान गरिएको प्रतिबद्धता अनुरूप आगामी आर्थिक वर्ष २०८३/८४ को लागि रु. ६० लाख बजेट विनियोजन गरेको छ।

४८. विद्यालय तहदेखि नै खेलकुद संस्कृतिको विकास, विद्यार्थीको प्रतिभा प्रस्फुटन तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले नगरप्रमुख रनिङ शिल्ड, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, बृहत् शैक्षिक प्रदर्शनी तथा विविध सहशैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

४९. आर्थिक रूपमा विपन्न, जेहेन्दार तथा दलित समुदायका विद्यार्थीहरूको शैक्षिक पहुँच र निरन्तरतालाई सुनिश्चित गर्न सञ्चालनमा रहेको नगरप्रमुख शैक्षिक छात्रवृत्ति कोषलाई आगामी वर्षमा समेत निरन्तरता दिएको छ।

५०. प्रारम्भिक बाल शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै बाल विकास कक्षाको प्रभावकारी व्यवस्थापन तथा बाल विकास सहजकर्ताहरूको मनोबल उच्च राख्न प्रोत्साहनमुखी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु।

५१. आधारभूत तहको कक्षा ८ तथा माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) को नतिजा सुधार गर्न अंग्रेजी, गणित र विज्ञान विषयमा विशेष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ। साथै, शिक्षकहरूको सूचना प्रविधिसम्बन्धी क्षमता अभिवृद्धिका लागि आधारभूत सूचना प्रविधि तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५२. विद्यार्थीहरूमा सिर्जनशीलता, प्रतिस्पर्धात्मक क्षमता तथा अध्ययनप्रतिको रुचि अभिवृद्धि गर्न एफ.एम. रेडियोमार्फत मासिक विषयगत हाजिरीजवाफ प्रतियोगिता तथा शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

५३. प्रसूति बिदामा रहेका शिक्षकहरूको अनुपस्थितिमा पठनपाठनमा असर पर्न नदिन बिदा अवधिभर वैकल्पिक शिक्षकको व्यवस्था गरी शिक्षण सिकाइ प्रक्रियालाई निरन्तरता दिने कार्यक्रमलाई आगामी वर्षमा समेत ६ लाख बजेट विनियोजन गरेको छु।

५४. कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूका लागि सञ्चालन हुँदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिएको छु। साथै, विद्यालय समायोजन तथा मर्ज प्रक्रियाका कारण टाढाको विद्यालयमा अध्ययन गर्नुपर्ने विद्यार्थीहरूको छात्रावास तथा यातायात खर्च व्यवस्थापनका लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु।

५५. विद्यालय शिक्षालाई प्रविधिमैत्री, आधुनिक तथा गुणस्तरीय बनाउन डिजिटल माध्यमबाट अध्ययन अध्यापन गर्ने व्यवस्थालाई थप विस्तार गरिनेछ। चालु आर्थिक वर्षमा ४७ वटा स्मार्ट बोर्ड खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको सन्दर्भमा आगामी आर्थिक वर्षमा समेत "**पविधिमैत्रि सिकाई जेन अल्फाको रोजाइ**" कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु

५६. समग्र शिक्षा क्षेत्रको विकास तथा शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका गलकोट बहुमुखी क्याप्पसको अनुदान र वडा तर्फको विनियोजन सहित रु. ३ करोड २६ लाख ५४ हजार ७ सय ६० रुपैँया र सशर्त अनुदान रु. ३४ करोड करोड छ लाख, ११ हजार, सशर्त अनुदानसहित रु. ३७ करोड ३२ लाख, ६५ हजार सात सय ६० विनियोजन गरेको छु । जुन कुल बजेटको करिब ४९.७६ प्रतिशत हुन आउँछ।

## (उ) स्वास्थ्य

५७. गलकोट नगर अस्पतालको सेवा सुदृढिकरणमा जोड दिएको छु। हालै सञ्चालनमा आएका फिजियोथेरापी, ब्लड बैंक र सुत्केरीको आकस्मिक शल्यक्रिया सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि साथै गलकोट नगर अस्पताल सञ्चालनका लागि चिकित्सक लगायतका जनशक्ति आवश्यक पर्ने हुनाले अस्पताल तथा सहरी स्वास्थ्य केन्द्रमा जनशक्ति व्यवस्थापनका लागि नगरबाट **"गुणस्तरीय स्वास्थ्य सेवा र पूर्वाधार; सुविधा सम्पन्न अस्पताल नगरको आधार"** कार्यक्रम अन्तर्गत रु एक करोड ४० लाख बजेट बिनियोजन गरेको छु ।

५८. आत्महत्याको रोकथाम तथा न्यूनीकरणका लागि मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको बिनियोजन गरेको छु ।

५९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि निशुल्क स्वास्थ्य बिमा, सम्मानजनक बिदाइ, मासिक सञ्चार खर्चको निरन्तरता गरेको छु ।

६०. सबै स्वास्थ्य संस्थाहरुमा कागजविहिन (Paperless) अभिलेख र प्रतिवेदन प्रणाली लागू गर्न, घर घरमा जेष्ठ नागरिक कार्यक्रम, नगरप्रमुख मातृ तथा शिशु पोषण कार्यक्रम, विपन्न स्वास्थ्य बिमा कार्यक्रम, गर्भवती प्रोत्साहन कार्यक्रम, खानेपानीको गुणस्तर परीक्षण तथा सर्भिलेन्स, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, मुख स्वास्थ्य प्रवर्धन कार्यक्रम, क्षयरोग मुक्त अभियान गलकोट कार्यक्रम, विभिन्न स्वास्थ्य शिविर सञ्चालन जस्ता कार्यक्रमलाई निरन्तरता दिन, स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्डको सुद्रिढीकरण गर्न तथा स्वास्थ्य सम्बन्धी विभिन्न दिवस र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६१. नगरका विभिन्न वडाहरुमा ३० बर्ष देखि ६० वर्ष उमेर समूहका नागरिकहरुमा नसर्ने रोगको स्क्रिनिङ शिविर सञ्चालन गर्नका लागि ५ लाख बजेट बिनियोजन गरिएको छ ।

६२.संघीय सरकारको साझेदारीमा सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सुदृढ बनाउन आवश्यक प्रबन्ध मिलाएको छु

६३. स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालन गर्न नगरपालिका तर्फ तलब र वडा तर्फको विनियोजन सहित २ करोड ८६ लाख १४ हजार छ सय र सशर्त अनुदान रु. ६ करोड ८८ लाख गरी जम्मा रु.९ करोड ७४ लाख १४ हजार छ सय विनियोजन गरिएको छ जुन कुल बजेटको १२.९८ प्रतिशत हुन जान्छ ।

### (ऊ) कला, संस्कृति र साहित्य

६४. स्थानीय स्तरका कला, संस्कृति, साहित्य, पर्व, मेला, जात्रा, नाच आदिको संरक्षण र प्रवर्द्धन गरी पर्यटनसँग जोड्न आवश्यक व्यवस्था गरेको छु जसको लागि वडा विनियोजन सहित **"कला-संस्कृतिको जगेर्ना, साहित्यको सम्मान; समृद्ध पर्यटन नै गलकोटको सान"** कार्यक्रममा नगर तर्फको रु ८ लाख बजेट विनियोजन गरेको छु।

## पूर्वाधार विकास

६५.निर्माण पूर्वाधारको गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रयोगशाला परीक्षण (ल्याब टेस्ट) मेसिनरी तथा उपकरण खरिद र व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

६६. चिप्लेटिघाट -१० को झोलुङ्गे पुल निर्माणको लागि रु..१० लाख विनियोजन गरिएको छ ।

६७. प्रत्यक वडामा १५/१५ लाख लागतका नगरस्तरीय योजना कार्यान्वयनको लागि बजेट विनियोजन गरेको छु।

६८. नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माण कार्यको लागि रु. एक करोड ५० लाख करोड विनियोजन गरेको छु ।

६९. वडा भित्रका सडकहरुको सरसफाई तथा मर्मत गरी नियमित सञ्चालन गर्न एकमुष्ठ रु. २० लाख विनियोजन गरेको छु।

७०. संघ र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक योजना कार्यान्वयनको लागि समपुरक कोषमा रु. एक करोड १० लाख विनियोजन गरेको छु।

७१.	बजेट तर्जुमाको समयमा पूर्वानुमान गर्न नसकिने तर वर्षभरी आत्यावश्यक देखिने योजना कार्यान्वयन र मर्मत संभार गर्न  विशेष विकास कार्यक्रममा रु. ९७ लाख विनियोजन गरेको छु।

७२.नरेठाँटी दुदिलाभाटी-ढुङ्गेसागु-पेरिवाङ सडक स्तरउन्नतीको लागि नेपालसरकार समपुरक अनुदान तर्फ रु.५० लाख र नगरपालिकाको समपुरक कोषबाट रु.५० लाख गरी जम्मा  रु.एक करोड बजेट विनियोज गरिएको छु ।

७३.-ओखरबोट चमुवा सडक स्तरोन्नतीको लागि प्रदेश सरकार समपुरक अनुदान तर्फ रु.५९ लाख ९९ हजार र नगरपालिकाको समपुरक कोषबाट रु.५९ लाख ९९ हजार गरी जम्मा रु.  एक करोड १९ लाख ९८ हजार विनियोज गरिएको छु ।

७४.  पूर्वाधार विकासतर्फका योजना कार्यान्वयन गर्न **"सुरक्षित, व्यवस्थित आधुनिक पूर्वाधार; समृद्ध र स्मार्ट नगरको आधार"** कार्यक्रम अन्तर्गत समपुरक सहित नगरपालिका तर्फ रु. ११ करोड ६९ लाख २० हजार  ,संघीय सरकार तर्फ एक करोड ९९ लाख र  प्रदेश अनुदान अन्तर्गत ५९  लाख ९९ हजार  गरी जम्मा रु.१३ करोड २८ लाख १९ हजार विनियोजन भएको छ।

## सुशासन तथा अन्तरसम्बन्धित विषय

७५. उपभोक्ताको हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी, नियमित र व्यवस्थित बनाइनेछ। साथै, उपभोक्ता अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्न उपभोक्ता सचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७६. सरकारी कामकारवाहीमा पारदर्शिता, जवाफदेहिता तथा सूचनाको हकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ। यसका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम, सामाजिक परीक्षण तथा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७७. स्थानीय तहबाट प्रवाह हुने सेवामा नागरिकको विश्वास, सहजता र अपनत्व अभिवृद्धि गरिनेछ। सेवा प्रवाहलाई क्रमशः सूचना प्रविधिमैत्री बनाउँदै अनलाइन प्रणालीतर्फ रूपान्तरण गरिनेछ। साथै, कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि आवश्यक क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

७८. कर्मचारी तथा जनप्रतिनिधिहरूमा सदाचारयुक्त, उत्तरदायी र पारदर्शी कार्यसंस्कृतिको विकास गरिनेछ। यसका लागि सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्दै प्रभावकारी स्रोत परिचालन गरिनेछ। साथै, नागरिक गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र पहुँचयोग्य बनाइनेछ।

७९. न्यायिक समितिको भूमिकालाई थप सक्रिय, प्रभावकारी र सुदृढ बनाउँदै मेलमिलाप तथा विवाद समाधान प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

८०. स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने भूमि तथा मालपोतसम्बन्धी सेवा हालसम्म संघीय तहबाट स्पष्ट नीतिगत व्यवस्था नभएको कारण मालपोत कार्यालय, बागलुङबाट सम्पादन हुँदै आएको छ। नागरिकलाई घरदैलोमै प्रभावकारी, सहज र पहुँचयुक्त सेवा प्रदान गर्ने उद्देश्यले उक्त सेवा नगरपालिकामै सञ्चालन गर्ने व्यवस्था मिलाउन

रु. २१ लाख बजेट विनियोजन गरेको छ।सुशासन प्रवर्द्धन तथा अन्तरसम्बन्धित क्षेत्रका **"चुस्त सेवा जनमुखी प्रशासन; संस्थागत विकास र सुशासन"** कार्यक्रम कार्यान्वयनका लागि रु. ७२ लाख बजेट विनियोजन गरेको छ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

८१.सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्रिय रूपमा परिचालन गरी वनजन्य स्रोत तथा उत्पादनको दिगो उपयोग, संरक्षण र व्यवस्थापन गरिनेछ।

८२.आपतकालीन कार्यसञ्चालन केन्द्रलाई थप सुदृढ, प्रभावकारी र व्यवस्थित बनाइनेछ। विपद् पूर्व, विपद्को समयमा तथा विपद् पश्चात् हुने खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरी विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

८३. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लागि जम्मा रु. ४७ लाख ५० हजार विनियोजन गरेको छ।

**श्रद्धेय नगरसभाका अध्यक्ष महोदय,**

अब म माथि उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेट र स्रोतको अनुमान प्रस्तुत गर्दछु।

८४.आगामी आर्थिक वर्ष २०८३/८४ को लागि निर्धारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ७४ करोड ९९ लाख ८२ हजार सात सय ६० रुपैया बजेट विनियोजन गरेको छ।जसमध्ये चालु तर्फ रु. ५७ करोड ९६ लाख ५५ हजार सात सय ६० अर्थात् कुल विनियोजनको ७७.२८ प्रतिशत र पूँजीगत तर्फ रु. १७ करोड तीन लाख २७ हजार अर्थात कुल विनियोजनको २२.७१ प्रतिशत रकम विनियोजन गरेको छ।

८५.आगामी आर्थिक वर्ष २०८३/८४ को लागि खर्च वेहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु. ११ करोड ६८ लाख, संघीय राजश्व बाँडफाँटबाट रु.१० करोड ८८ लाख ७९ हजार ,संघीय सशर्त अनुदानबाट ३९ करोड ६६ लाख, संघीय विशेष अनुदानबाट १ करोड ८० लाख ,सघीय समपुरक अनुदान तर्फ रु. ५० लाख हुने अनुमान गरेको छ। गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ५३ लाख , राजश्व बाँडफाँटबाट रु. एक करोड १९ लाख ९९ हजार, तीन सय ७६, विशेष अनुदानबाट रु. ४० लाख, समपुरक अनुदानबाट रु. ५९ लाख ९९ हजार प्राप्त हुने अनुमान गरेको छ।स्थानीय राजश्व परिचालनबाट आन्तरिक राजश्व(विभाज्य कोष सहित) रु. २ करोड ५ लाख प्राप्त हुने अनुमान गरेको छ।साथै, चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन पश्चात् रु. चाँर करोड ३८ लाख ५२ हजार तीन सय ८४ बचत हुने अनुमान गरेको छ।यसको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरेको छ।

**श्रद्धेय नगरसभाका अध्यक्ष महोदय,**

८६. वर्तमान राजश्व परिचालनको अवस्थालाई दृष्टिगत गर्दा राजश्व लक्ष्य हासिल गर्न केही चुनौतीहरू रहेको देखिन्छ। यस परिस्थितिलाई सुधार गर्न राजश्व प्रशासनलाई अझ सुदृढ बनाइनेछ र कर तथा शुल्क तिर्ने संस्कृतिलाई प्रवर्द्धन गर्दै नागरिकलाई जिम्मेवार र उत्प्रेरित बनाउने नीति अवलम्बन गरिएको छ। साथै, आवश्यक कार्यविधि

निर्माण गरी नगरपालिका क्षेत्रभित्रका घरहरूको व्यवस्थित अभिलेखीकरण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ। यसले अभिलेखीकरण शुल्क तथा घरबहाल कर संकलनमा उल्लेखनीय वृद्धि हुने विश्वास लिइएको छ।

८७. यस बजेटको कार्यान्वयनबाट उत्पादनशीलता र उत्पादकत्वमा वृद्धि भई स्थानीय पूर्वाधार विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ। साथै, सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै नागरिकको पहुँच विस्तार हुने र सुशासनका माध्यमबाट समृद्ध, समावेशी तथा सन्तुलित विकासको आधार मजबुत हुने विश्वास लिएको छु।

८८. अन्त्यमा, बजेट निर्माण प्रक्रियामा मार्गदर्शन प्रदान गर्नुहुने श्रद्धेय नगर प्रमुखज्यू, नगर कार्यपालिकाका सदस्यहरू, विषयगत समितिका सदस्यहरू, नगरसभाका सदस्यहरू, राजश्व परामर्श समिति, राजनीतिक दलका प्रतिनिधिहरू, कर्मचारी, शिक्षक, पत्रकार, निजी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण स्थानीय आम नागरिकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबाट निरन्तर सहयोग र इमान्दार प्रयास रहने विश्वास व्यक्त गर्दछु।

## धन्यबाद!

फमलाल निउरे

नगर उप-प्रमुख

सम्वत् २०८३ अषाढ १० गते

ने.स. ११४६ तछलाथ्व: १०, दशमी